मकवानपुरगढी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

मक्रान्चुली, मकवानपुर

मकवानपुरगढी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मक्रान्चुली, मकवानपुर बागमती प्रदेश, नेपाल

## मिनि टिलर खरिद सम्बन्धी सिलवन्दी दरभाउपत्र आव्हानको सूचना

*प्रथम पटक प्रकाशित मिति २०७७।०१।११*

यस गाउँपालिकालाई आवश्यक तपसिल बमोजिम मिनि टिलर खरिद कार्य सम्पादन गर्नुपर्ने भएकाले नेपाल सरकारबाट सो सम्बन्धी कार्यका लागि इजाजत प्राप्त इच्छुक फर्म/कम्पनीहरुबाट उल्लेखित कागजात संलग्न राखी रु. १० को टिकट साथ रीतपुर्वक निवेदन पेश गरी देहाय बमाजिम फाराम खरिद गर्न सकिने तथा सार्वजनिक खरिद अनुगमन कार्यालय, काठमाडौंको वेवसाइट **www.bolpatra.gov.np** मा गई विद्युतीय माध्यामबाट समेत सिलवन्दी दरभाउपत्र खरिद तथा दरभाउ पेश गर्न सकिनेछ । सो सम्बन्धी थप कुरा बुझ्नु परेमा यस कार्यालयको वेवसाइट **www.makawanpurgadhimun.gov.np** मा हेर्नुहुन तथा कार्यालय समयभित्र यस गाउँपालिकामा सम्पर्क राख्नु हुन समेत सूचित गरिन्छ ।

**तपसिल**

| | |
|---|---|
| सूचना नं. | **MRM/NCB/SQ/23/2076-77** |
| खरिद सम्बन्धी विवरण | ५० प्रतिशत अनुदानमा ७ र ९ हर्सपावरका मिनि टिलर खरिद सम्बन्धी |
| खरिद विधि | सिलवन्दी दरभाउपत्र |
| फारम दस्तूर | रु. १०००/- |
| फारम दस्तुर बुझाउने बैंक र खाता नं. | नेपाल बंगलादेश बैंक, मक्रान्चुली शाखा, मकवानपुर, राजश्व खाता नं. **०६५ ००० १३४१,** |
| दरभाउपत्र जमानत रकम | ४२,०००/-(बयालीस हजार) |
| जमानत बनाउने बैंक र खाता नं. | नेपाल बंगलादेश बैंक, मक्रान्चुली शाखा, मकवानपुर, **धरौटी खाता नं. ०६५ ०००० ८४१** |
| फारम खरिद गर्न सकिने अन्तिम मिति | २०७७/०१/२५ अपरान्ह ५:०० बजे भित्र |
| पेश गर्ने अन्तिम मिति | २०७७/०१/२६ मध्यान्ह १२:०० बजे भित्र |
| खोलिने मिति र समय | २०७७/०१/२६ अपरान्ह १४:०० बजे भित्र |

**फारम खरिद गर्न निवेदनसाथ आवश्यक कागजातहरु (नोटरी पब्लिकबाट प्रमाणित)**

-फर्म/कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि
-मूल्य अभिवृद्धिकर दर्ता प्रमाणपत्रको प्रतिलिपि
-आर्थिक वर्ष ०७५/७६ को करचूक्ता प्रमाणपत्रको प्रतिलिपि

प्रमुख प्रशासकीय अधिकृत

## शर्तहरु:

१. सिलबन्दी दरभाउपत्र फारम प्रथम पटक सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र)दिनसम्ममा यस गाउँपालिकाको कार्यालय मकान्चुलीबाट रु. १००० (एक हजार) नगदै (पछि फिर्ता नहुने) बुझाई वा सो रकम बराबरको यस गाउँपालिकाको नाममा नेपाल बंगलादेश बैंक, मकान्चुलीमा रहेको राजश्व कोष खाता नं. ०६५ ००० १३४१ मा जम्मा गरेको बैंक भौचर संलग्न राखि खरिद गर्न सकिनेछ ।

२. सिलवन्दी दरभाउपत्र फारम खरिद गर्न फर्मको दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्वर (PAN)लिएको र मूल्य अभिवृद्धि कर प्रयोजनको लागि दर्ता भएको दर्ता प्रमाणपत्र,आ.व. ०७५।७६ को कर चुक्ता प्रमाणपत्रहरुको प्रतिलिपी, नोटरी पब्लिकद्वारा प्रमाणित प्रतिलिपीहरु संलग्न राखि रु. १०।- को टिकट टाँसी निवेदन पेश गर्नुपर्नेछ ।

३. सिलवन्दी दरभाउपत्र फारम यो सूचना प्रकाशित भएको मितिले १६(सोह्रौं) दिन दिउँसो १२:०० बजेसम्ममा यस गाउँपालिका कार्यालयमा दर्ता गर्नुपर्नेछ । रीतपूर्वक दर्ता भएको सिलवन्दी दरभाउपत्रहरु सोही दिन अपरान्ह प्याकेज बमोजिमक्रमश: १४:००बजे सम्बन्धित सिलवन्दी दरभाउपत्रदाताको प्रतिनिधिको रोहवरमा (उपस्थित नभएपनि) खोलिनेछ ।

४. सिलवन्दी दरभाउपत्रफाराम खरिद गर्ने र दर्ता गर्ने अन्तिम दिन बिदा परेमा लगत्तै कार्यालय खुलेको दिन तोकिएको समयभित्र उपरोक्त समय अनुसार नै हुनेछ ।

५. सिलवन्दी दरभाउपत्रदाताको ग्राह्यता प्रमाणित गर्ने निम्न लिखित कागजातहरु नोटरी पब्लिकद्वारा प्रमाणित गराई दरभाउपत्र साथ (सिलवन्दी खाम भित्रै) पेश गर्नुपर्नेछ ।

क) फर्म वा कम्पनीको दर्ता प्रमाण पत्र (नवीकरण सहित),

ख) मू.अ.कर र स्थायी लेखा दर्ता नम्बर (प्यान) को प्रमाण पत्र,

ग) आ.व. २०७५/७६ सम्मको कर चुक्ता गरेको प्रमाणपत्र,

घ) सार्वजनिक खरिद नियमावली २०६४ को नियम ४० को उपनियम २(ङ) सँग सम्बन्धीत घोषणापत्र,

६. सिलवन्दी दरभाउपत्र जमानत यस गाउँपालिकाको नाममा नेपाल बैंक, मकान्चुलीमा रहेको धरौटी कोष खाता नं. ०६५ ०००० ८४१ मा जम्मा गरेको बैंक भौचर वा सो रकम बराबरको नेपालस्थित कुनै वाणिज्य बैंकहरुबाट यस गाउँपालिका कार्यालयलको नाममा सिलवन्दी दरभाउपत्र पेश गर्ने अन्तिम मितिबाट कम्तीमा ७५ दिनको मान्य अवधि भएको बैंक ग्यारेन्टी समावेश हुनुपर्नेछ ।

७. सिलवन्दी दरउभाउपत्र सम्बन्धी अन्य थप कुरा बुझ्नु परेमा कार्यालय समयभित्र यस गाउँपालिकामा सम्पर्क राख्न सकिनेछ ।

८. सिलवन्दी दरभाउपत्र स्वीकृत गर्ने, नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस गाँउपालिकामा सुरक्षित रहेको छ ।

९. यस सम्बन्धी अन्य कुरा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ र प्रचलित कानून बमोजिम हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत